# डुङ्गेश्वर गाउंपालिका

## गाउँ कार्यपालिका कार्यालय

### दैलेख

### कर्णाली प्रदेश , नेपाल

## खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्यविधि, २०७५

प्रमाणिकरण मिति : २०७५।३।१७ प्रमाणित गर्नेको दस्तखत :

कार्यपालिकाबाट स्वीकृत मिति :२०७५।३।१५

## डुङ्गेश्वर गाउँपालिका क्षेत्रभित्र खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन गर्न बनेको

# कार्यविधि २०७५

**प्रस्तावना:**

तीब्र रुपमा बढिरहेको जनसंख्या तथा अव्यवस्थित बजारका कारण बजार क्षेत्रको खानेपानी, सरसफाई र फोहोर व्यवस्थापन चुनौतीपूर्ण हुँदै गएको छ । जसको परिणाम स्वरुप पर्यावरणीय क्षयीकरणका कारण खानेपानीको समस्या, प्रदुषण तथा प्राकृतिक र साँस्कृतिक सम्पदाहरु समेत विनाशको जोखिममा रहेका छन् । सार्वजनिक स्थानहरु जस्तै खोला किनारहरु, सडक किनारा, मन्दिरहरु, शिक्षण संस्थाहरु, व्यापारिक र औद्योगिक क्षेत्रहरु तथा निजी घर परिसरहरुमा खुल्ला फोहोर फोहोर फाल्ने कार्यले तथा यि क्षेत्रहरुमा पानीको चरम अभावका कारणले सामाजिक क्षेत्रमा नकारात्मक परिणामहरु ल्याउनुका साथै मानव स्वास्थ्यमा समेत गम्भीर असर पर्ने खतरा बढ्दै गउको हुँदा यस गाउँपालिका क्षेत्रभित्र रहेका पानीका स्रोतहरुलाई समुचित व्यवस्थापन गरी पानीको समस्यालाई निराकरण गर्न तथा फोहोरमैलाको स्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी व्यवस्थित गर्न वान्छनीय भएकोले गाउँ कार्यपालिकाको मिति २०७५।३।१४को बैठकबाट **खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्यविधि, २०७५** बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

१.१ यस कार्यविधिको नाम **खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्यविधि, २०७५** रहेको छ ।

१.२ यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा**

क)**"प्रदुषण"** भन्नाले फोहोरमैलाबाट निष्कने ठोष, तरल वा ग्यास वस्तुको संयोजनबाट वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव परी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनुपर्दछ ।

ख) **"पानीका स्रोत"** भन्नाले गाउँपालिका क्षेत्रभित्र रहेका सबै पानीका स्रोत सम्झनुपर्दछ ।

ग) **"समिति"** भन्नाले खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन गर्न गाउँपालिकाको समन्वयमा सम्बन्धित स्थानमा गठन भएको समितिलाई सम्झनुपर्दछ ।

घ) **"प्रशोधन"** भन्नाले फोहोरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्याँस, उर्जा वा अन्य वस्तु उत्पादन गरी फोहोरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनुपर्दछ ।

ङ) **“प्रशोधन केन्द्र”** भन्नाले फोहोरमैलालाई प्रशोधन गरी मल, ग्यास, उर्जा वा अन्य वस्तु उत्पादनका लागि कार्य संचालन गर्ने स्थान सम्झनुपर्दछ ।

च) **“वडा”** भन्नाले डुङ्गेश्वरगाउँपालिकाको वडा सम्झनुपर्दछ ।

छ) **“कार्यालय”** भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ र सो शब्दले वडा कार्यालय समेतलाई बुझाउँदछ ।

ज) **“शाखा”** भन्नाले गाउँ कार्यपालिकाको सामाजिक विकास शाखालाई सम्झनुपर्दछ ।

झ) **“विसर्जन”** भन्नाले फोहोरमैलाको अन्तिम निष्काशन तथा व्यवस्थापन सम्झनुपर्दछ ।

**३. अनुमती लिई सरसफाई सम्बन्धी कार्य गर्नुपर्ने**

गाउँपालिका क्षेत्रभित्र कुनै पनि संस्थाले खानेपानी, फोहोरमैला व्यवस्थापन तथा सरसफाई सम्बन्धी कार्यक्रम संचालन गर्नु अघि यस निर्देशिका बमोजिम स्वीकृती लिई गाउँपालिकाले तोकिदिए बमोजिम गर्नुपर्नेछ ।

**४. खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्यक्रमका उद्देश्यहरु**

- पानी जीवन हो त्यसैले पानीको मितव्ययी उपयोगको लागि सचेतना जगाउने ।
- खानेपानी, सरसफाई तथा फोहोरमैला कुनै व्यक्ति वा परिवारको मात्र चासोको विषय नभई सबै समुदायकै चासोको विषय भएकाले यस विषयमा मेरो भन्ने भावना हटाई हाम्रो र समुदायको दायित्व तथा कर्तब्य भएको कुराको बोध गराउने ।
- पानीका स्रोतहरुको संरक्षण तथा खानेपानीका आयोजनाहरुको सञ्चालन व्यवस्थापनमा समिति मार्फत समुदायलाई नै अग्रसर बनाउने ।
- सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरी समुदायलाई फोहोरमैला व्यवस्थापन क्रियाकलापमा सक्रिय सहभागी गराउने ।
- विभिन्न प्रकारका फोहोरहरुलाई घर तथा सामुदायिक स्तरमै कम्पोष्ट बनाउने तथा पुनर्चक्रिय प्रयोगलाई प्रबर्द्धन गर्ने ।
- पर्यावरण संरक्षण तथा सरसफाई तथा फोहोरमैला व्यवस्थापनको अनुसंन्धान कार्यक्रमहरु नविनतम तरिकाले संचालन तथा प्रबर्द्धन गर्ने ।
- विभिन्न नविनतम तरीकाको माध्यमबाट फोहोर व्यवस्थापनको लागि समुदायको क्षमता बृद्धि गर्ने ।
- वृक्षारोपण, जैविक खेती, कौसी खेती जस्ता कार्यहरु संचालन र प्रबर्द्धन गर्ने ।
- फोहोरमैला व्यवस्थापनको क्षेत्रमा रोजगारीका अवसरहरु सृजना गर्ने ।

- प्रतिवेदन, पुस्तकहरु , शैक्षिक तथा जानकारीमुलक सामग्रीहरुको माध्यमबाट प्रचार प्रचार गर्ने ।
- हरेक वडामा नर्सरी संचालन गर्न समुदायलाई अभिप्रेरित गर्ने ।
- जागरणका लागि शाखाको र साझेदार निकायको समन्वय र वडाकार्यालयको अगुवाईमा बिद्यालय, स्वास्थ्य संस्था, सामाजिक संघसंस्थाहरु तथा टोल सुधार समितिहरुलाई परिचालन गर्ने ।
- घर कम्पाउण्डबाट फोहोर मैला संकलन तथा व्यवस्थापन सम्बन्धी सेवा बिस्तार गरी गाउँपालिकाका सबै क्षेत्रमा बिस्तार गर्ने ।
- फोहोर मैला संकलनको प्रभावकारिता बृद्धि गरी आफ्ना कार्यक्षेत्रको सडक किनाराको सौन्दर्यता अभिबृद्धिका साथै हरित सडकको अवधारणा कार्यान्वयन गर्ने ।
- सरसफाई र फोहोरमैला व्यवस्थापन सम्बन्धमा मानिसहरुको व्यवहार तथा प्रवृत्तिमा परिवर्तन ल्याउने ।
- फोहोरमैला उत्पादनलाई श्रोतमै कमी गराउने , छुट्याईएको फोहोरलाई घर-घरमै कम्पोष्ट बनाउन प्रोत्साहन गर्ने र सामुदायिक कम्पोष्ट प्लान्टको समेत स्थापना गरी सञ्चालन गर्ने, कम्पोष्ट उत्पादनलाई स्थानिय कृषकहरुसम्म पुर्‍याउन सहजीकरण गर्ने

**५. खानेपानी, सरसफाई तथा फोहोरमैला ब्यबस्थापनको कार्यक्षेत्र :**

खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापनको कार्यक्षेत्र डुङ्गेश्वरगाउँपालिकाको सबै क्षेत्र हुनेछ ।

**६.खानेपानी, सरसफाई तथा फोहरमैला व्यवस्थापनका लागि कार्यान्वयन विधि:**

स्थानिय सरकार संचालन ऐन, २०७४ , फोहोरमैला ब्यबस्थापन ऐन , २०६८ , वातावरण संरक्षण ऐन , २०५३ लगायत अन्य सम्बन्धित ऐन समेतका आधारमा डुङ्गेश्वर गाउँपालिका क्षेत्रभित्र खानेपानी, सरसफाई तथा फोहोरमैला ब्यबस्थापनलाई प्रभावकारीरुपमा कार्यान्वयन गरिने छ ।

**(१) पानीका स्रोतहरुको खोजी:**

डुङ्गेश्वर गाउँपालिका क्षेत्रभित्रका बजार तथा गाउँ टोलमा खानेपानीको व्यवस्थापनका लागि पानीका स्रोतहरुको खोजी गरीनेछ । यस्ता पानीका मुहानहरु सार्वजनिक स्थल वा कसैको निजी जग्गामा भएतापनि प्राथमिक रुपमा खानेपानी आयोजनाका लागि उपयोग गरी बचेको पानी अन्य प्रयोजनमा लगाउन सकिनेछ ।

**(२) पानीका स्रोतहरुको समुचित उपयोग:**

खानेपानीको समस्या तथा स्रोतको क्षमताको आधारमा पानीको मितव्ययी उपयोगका लागि समुदायलाई आह्वान गरिनेछ ।

**(३) पानीका स्रोतहरुको संरक्षण:**

पानीका स्रोतहरुको संरक्षणका लागि समुदायकै अग्रसरता रहनेछ । पानीका स्रोतको वरिपरी रुख विरुवा काट्न बन्देज लगाउने तथा थप बृक्षारोपण गर्ने तथा भौतिक संरचनाहरुको निर्माण गर्दा पानीका मुहान वा स्रोतहरुलाई असर नपर्ने गरी गर्नु गराउनु पर्नेछ ।

**(४) खानेपानीको भौतिक संरचना निर्माण तथा संरक्षण:**

खानेपानी आयोजनाहरुको भौतिक संरचना निर्माण सम्बन्धित आयोजना क्षेत्रमा गाउँपालिकाको समन्वयमा गठन भएको खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन समितिले गर्नेछ । उक्त संरचनाको संरक्षण गर्नु समिति तथा समुदायको कर्तब्य हुनेछ । तर गाउँपालिकाले उचित ठानेको खण्डमा भौतिक संरचना निर्माणमा ठेक्का वा अन्य प्रक्रिया अपनाउन बाधा पर्ने छैन ।

**(५) खानेपानीको वितरण:**

समितिले गाउँपालिकाको समन्वयमा वितरण प्रणाली स्वीकृत गराई लागु गर्न सक्नेछ ।

**(६) बजार तथा गाउँ टोलको खानेपानी व्यवस्थापन:**

हाल डुङ्गेश्वर बजार खानेपानी आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनको लागि गाउँपालिकाको समन्वयमा गठन भएको डुङ्गेश्वर बजार खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन समितिसँग सम्झौता गरी अघि बढाइनेछ । यसै अनुसारको कार्यक्रम गाउँपालिका क्षेत्र भित्रका अन्य बजार तथा गाउँ टोलमा सम्बन्धित क्षेत्रको समुदायसँगको सहकार्यमा क्रमश: कार्यान्वयनमा लगिनेछ ।

खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापनलाई दिर्घकालिन समाधानका लागि प्रत्येक गाउँ, टोलहरुमा र प्रत्येक बजार क्षेत्रमा एक/एक वटा खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन समिति गाउँपालिकाको समन्वयमा गठन हुनेछ । र सोही समितिले उक्त क्षेत्रमा हुने

खानेपानीका आयोजनाको निर्माण, व्यवस्थापन तथा सञ्चालनर सरसफाई तथा फोहोरमैला व्यवस्थापनको काम निरन्तर रुपमा गर्नेछ ।

**(७) फोहोरमैला संकलन , ढुवानी र व्यवस्थापन :**

घर , पसल, होटल , रेष्टूरेण्ट, विद्यालय , कलकारखानाबाट निस्किने फोहोरलाई उत्पादनस्थलबाटै उठाई समुचित व्यवस्थापन गर्ने ।

**(८) सडक तथा सार्वजनिक स्थलहरुको सरसफाई :**

कार्यक्षेत्र भित्र पर्ने सडक , गल्ली , खोला किनार , चउर ,मन्दिर , पाटी, विद्यालय तथा अन्य सार्वजनिक कार्यालयहरु जस्ता सार्वजनिक स्थलहरु सफा राख्ने , राख्न लगाउने ।

**(९) जनचेतना अभिबृद्धि र तालिम :**

गोष्ठी , अन्तरक्रिया , र्‍याली , माईकिङ्ग , जस्ता जनचेतना अभिबृद्धिका कार्यक्रम र तालिमहरु संचालन गरी टोलबासीहरुलाई स्थानिय सरसफाई कार्यमा उत्प्रेरित र क्रियाशील बनाउने ।

**(१०) हरियाली विकास :**

खानेपानीका मुहान क्षेत्र, ल्याण्डफिल क्षेत्र र कम्पोष्ट क्षेत्र वरिपरि तथा सम्भावित सार्वजनिक स्थलहरुमा समेत उपयुक्त जातका रुख बिरुवाहरु र फूलहरु रोपी हरियाली विकास गर्दै गाउँपालिकाको सौर्न्दयता  विकास गर्ने ।

**(११) फोहोरमैला विकास :**

जैविक र अजैविक फोहोरमैला अलग अलग राख्ने कार्यलाई पूर्ण व्यवहारिक बनाई पुन : चक्रिय प्रयोगलाई प्रोत्साहित गर्ने ।

**(१२) सुईरो कार्यक्रम :**

कार्यक्षेत्रलाई प्लाष्टिकरहित बनाउनको लागि बजार क्षेत्रका सबै घरमा सुईरो वितरण गरी सुईरोमा संकलित प्लाष्टिकको प्रयोग अभियान सञ्चालन गर्ने ।

**(१३) कम्पोष्टिङ्ग तथा पुन:प्रयोग :**

जैविक फोहोरबाट समुदायस्तरमा स्तरिय कम्पोष्ट मल बनाउने तथा फोहोरको पुनः प्रयोगका लागि ईच्छुक परिवारका सदस्यलाई ज्ञान-सीप उपलब्ध गराई घरघरमा समेत कम्पोष्ट उत्पादन गर्न प्रोत्साहित गर्ने । गाउँपालिका भित्र रहेका सम्पूर्ण सरकारी तथा गैर सरकारी कार्यालय, विद्यालयमा अनिवार्य रुपमा कम्पोष्ट पिट र फोहोर विसर्जन गर्ने खाडल निर्माण गरी त्यसको समुचित प्रयोग गर्न लगाउने ।

**(१४) सफा शहर सबैको रहर :**

अभियानको रुपमा संचालन गर्ने ।

**(१५) समुदायको परिचालन** :

गाउँपालिका क्षेत्र भित्रको खानेपानी तथा फोहोरमैला ब्यबस्थापन र सरसफाई  लाई प्रभावकारी बनाउन सामाजिक संघ संस्था स्थानिय क्लबहरु गैरसरकारी क्षेत्र र निजि क्षेत्र र अन्य रुपमा स्थापित गर्न अभियान संचालन गर्ने ।

**(१६) शून्य फोहोर :**

शून्य फोहोरको अवधारणा अनुरुप अगाडी बढ्ने ।

**(१७) प्लाष्टिक मुक्त शहर :**

वातावरणमा नकारात्मक असर पार्ने तोकिएको मापदण्ड नपुगेका प्लाष्टिक बिक्रि वितरण र प्रयोग नगर्ने , नगराउने ।

**(१८) सार्वजनिक क्षेत्रको सरसफाई :**

आफ्नो टोल भित्रको सार्वजनिक क्षेत्र ( जस्तै : सडक , नाला, गल्ली, फुटपाथ , खोला, नदी , बगर , नहर , खेत , बारी , कान्ला , वन , तथा चौर आदि ) मा प्लाष्टिक , सड्ने ,तथा नसड्ने खालका फोहोर एंव खुला दिसा ( मान्छे तथा कुकुरको ) नरहने अवस्था हुनु पर्दछ ।

**(१९) टोलको सरसफाई :**

टोल सुधार समिति वा समुदायका सदस्यहरुले फोहोरमैला व्यवस्थापनका लागि तोकिएको समिति, संस्थासँगको समन्वयमा वडा कार्यालय समेतलाई सूचना गरी कम्तिमा महिनाको एक पटक आफ्नो समुदायको क्षेत्रभित्र सामूहिकरुपमा सरसफाई अभियान संचालन गर्ने छन् । त्यस्तो संचालित अभियानको अभिलेख अनिवार्यरुपमा वडाकार्यालय र फोहोरमैला व्यवस्थापनमा खटिएको संस्थाले राख्ने छ । प्रदेशमा सञ्चालन गरेको सरसफाई कार्यक्रम हरेक महिनाको १ रु १५ गते लाई प्रदेश सरकारको निरन्तरता भए निरन्तर गर्नुपर्ने नभए डुङ्गेश्वर गाउँपालिकाले आफ्नो कार्यक्रम अन्तर्गत महिनाको पहिलो शुक्रबार र अन्तिम शुक्रबारको कार्यक्रम राख्ने ।

**(२०) घर आँगन र सो बाहिरको सडकको सरसफाई :**

प्रत्येक घरले आफ्नो घर आँगन र नाला सफा राख्ने र राख्न लगाउनु पर्ने छ । आफ्नो आँगन बाहिरको घरको क्षेत्रसँगै रहेको सडक समेत नियमित रुपमा सरसफाई गर्नु गराउनु पर्दछ ।

**(२१) घर बाहिर निश्कासन गरिने फोहोर :**

घरबाट निश्कासन हुने फोहोर सडक , पेटी र सार्वजनिक स्थल जस्ता स्थानमा जम्मा नगरि सिधैं फोहोर संकलन गर्न आउने सवारी साधनमा राख्ने , राख्न लगाउने । प्रत्येक घर, पसल, कार्यालय, विद्यालय आदिबाट उत्सर्जन भएको जैविक तथा अजैविक फोहोरको व्यवस्थापन सम्बन्धित घर, पसल, कार्यालयले अलग अलग डसविनमा छुट्याउने वा छुट्याउन लगाउने ।

**ट. गाउँपालिकाले गर्ने :**

- खानेपानीका मुहानहरुको संरक्षण तथा खानेपानीका भौतिक संरचनाको निर्माण स्थल र प्राविधिक मुल्याङ्कन गराउने ।
- खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन समितिको कार्यक्षेत्र, कार्य जिम्मेवारी निर्धारण गर्ने । सो बमोजिमको कार्य भए नभएको यकिन गर्ने ।

- नजिकमा रहेका पानीका मुहानहरुबाट खानेपानी पर्याप्त नभएमा अन्य पानीका मुहान स्रोतहरुको खोजि, सम्बन्धित स्थानसम्म पहुँच पुऱ्याउन सम्भाव्यता अध्ययन तथा कार्यान्वयन गर्ने ।
- ल्याण्डफिलिङ्ग र कम्पोष्ट प्लान्टका लागि उपयुक्त स्थानमा जग्गा पहिचान गरी निर्धारण गर्ने ।
- सार्वजनिक स्थलमा फोहोरमैला फ्याक्न नपाउने र फोहोर गरेमा हुने सजायसहित को सूचना जारी गर्ने ।
- हाल गाउँपालिकाको सरसफाई कार्यमा परिचालित , साधनको प्रभावकारी उपयोग गर्ने ।
- गाउँपालिकामा रहेका ढुवानी साधनलाई साझेदारीमा कार्य गर्दाका बखत आपसी सहमती बाट परिचालन गर्ने ।
- तत्कालको व्यवस्थापनका लागि साझेदारीको अवधारणा अनुरुप कार्य गर्दा आपसी छलफल बाट निर्क्योल गरिए अनुसार प्रक्रिया अगाडि बढाउने । दीर्घकालिन समाधानका लागि अध्ययन गरि गाउँपालिकाले आवश्यक प्रक्रिया अगााडी बढाउने छ ।
- सम्पादित कामको अनुगमन तथा मुल्याङ्कनबाट प्राप्त पृष्ठपोषण का आधारमा आवश्यक भूमिका वहन गर्ने ।
- सूचनालाई अटेर गरी अनधिकृत रुपमा फोहोरमैला फ्याक्नेलाई फोहोरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम दण्ड र फोहोरमैला संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने व्यक्ति /संघ संस्थालाई प्रोत्साहन (पुरस्कार) को व्यवस्था गर्ने ।
- खानेपानी उपभोक्ता तथा घरदैलो फोहोरमैला संकलनको सेवा वापत सदस्यता अनिवार्य लिनुपर्ने गरी वडा कार्यालयले आवश्यक सहजीकरण गर्नेछ ।
- प्रत्येक वडामा वडा कार्यालयको अगुवाई र संलग्न साझेदार वा जिम्मेवार संघसंस्थाको समन्वयमा वार्ड लगत समेत संकलन गरी खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी जागरण ल्याउने कार्यक्रमहरु संचालन गर्ने ।

## ९. समुदायको जिम्मेवारी

- खानेपानीका मुहान, भौतिक संरचना (ट्याङ्की, धाराहरु) को संरक्षण गर्ने, नियमित रेखदेख मर्मत संभार गर्ने, पानीको मितव्ययी उपयोग गर्ने ।

- खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन समितिसँगको सहकार्यमा खानेपानी तथा सरसफाईका कार्यक्रमहरु सञ्चालन गर्ने, समितिलाई सहयोग तथा निगरानी गर्ने ।
- कुनै पनि सार्वजनिक स्थानमा फोहोरमैला नफ्याक्ने, फ्याक्न नदिने ।
- भान्छाभान्छाबाटै फोहोर वर्गीकरण गर्ने, गराउने ।
- घरको फोहोरलाई घरमै व्यवसथित गर्न गाउँपालिकाबाट चालिएको अभियानलाई सहयोग गर्ने ।
- फोहोरमैला सरसफाई तथा व्यवस्थापनमा संलग्न भएका जिम्मेवार निकायको कार्य प्रभावकारी नभएमा तुरुन्त वडा कार्यालयमा सम्पर्क गरी सूचना दिने ।
- समय समयमा वडा कार्यालयले दिएका सूचना बमोजिमका कार्य गर्ने ।
- फोहोर संकलनमा खटिई आउने ढुवानी साधनमा फोहोर राख्ने ।
- तोकिए बमोजिमको सदस्यता कार्ड लिई मासिक रकम भूक्तानी गर्ने ।
- सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी सार्वजनिक कार्यक्रममा अनिवार्य सहभागि हुने र अरुलाई पनि सहभागि हुन आव्हन गर्ने ।
- गाउँपालिकाले बेलाबेलामा प्रकाशित गरेको सूचनाहरुको पालना गर्ने ।
- गाउँपालिकाले बनाएका ऐन, नियम, नीति, निर्देशिका, कार्यविधिहरु पालना गर्नु समुदायको कर्तव्य हुनेछ ।

## १०. साझेदार निकायको (समितिको) दायित्व

- खानेपानीका आयोजनाहरुको निर्माण, सञ्चालन व्यवस्थापन गर्ने । गाउँपालिकाको समन्वयमा उपभोक्ताहरुको मागको सुनुवाई गर्ने ।
- समुदायमा विवाद रहित काम सञ्चालन गर्न वातावरण बनाउने ।
- साझेदार निकायले फोहोर उत्सर्जनको अवस्था हेरी बजार क्षेत्रमा कम्तिमा हप्ताको तिनपटक र ग्रामिण क्षेत्रमा कम्तिमा हप्ताको एक पटक फोहोर संकलन सम्बन्धी कार्य गर्नेछ ।
- वडा कार्यालयको अगुवाइमा सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यको समन्वय गरी संचालन गर्नुपर्नेछ ।
- फोहोरलाई स्रोतमै बर्गीकरण गरी घर घरमा व्यवस्थापन हुने तौर तरीका समुदायमा सिकाउनुपर्नेछ ।
- सम्पादित कार्यको प्रभावकारीताको अनुगमन तथा मूल्याङ्कन गर्दा प्राप्त पृष्ठपोषणका आधारमा वडा कार्यालय र गाउँ कार्यपालिका कार्यालयले समय समयमा दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ ।
- प्रशोधन केन्द्रमा लामो समय फोहोर नराखी सम्बन्धित विसर्जन स्थल सम्म शिघ्र पुर्‍याउनुपर्दछ ।

- सार्वजनिक स्थलमा देखिएको फोहोरलाई अविलम्ब हटाई त्यस्तो स्थानमा फोहोर गर्ने व्यक्ति वा संस्थालाई आवश्यक कारबाहिका लागि गाउँपालिकामा यकिन प्रतिवेदनसहित पेश गर्नुपर्नेछ ।
- सार्वजनिक क्षेत्रका स्थलहरु सधैं फोहोर रहित हुनुपर्नेछ ।
- डुगेश्वरबासीहरु फोहोर व्यवस्थापनका लागि जिम्मेवार छन् भन्ने सन्देश प्रवाह हुने गरी कार्य संचालन गर्नुपर्नेछ ।
- वोटविरुवा लगाई घर तथा सडक हरियालीयुक्त बनाउन गाउँपालिकाको अभियानलाई सफल बनाउन आवश्यक सहयोग गर्नुपर्नेछ ।

## ११. सरसफाई तथा फोहोर व्यवस्थापन शुल्क

सरसफाई तथा फोहोर व्यवस्थापनमा फोहोर गर्नेले तिर्नु पर्दछ (polluters pay principle) भन्ने विश्वव्यापी मान्यता रहेको छ । सरसफाई तथा फोहोरमैला व्यवस्थापन आम नागरीक, गाउँ तथा बजार बासी, संघसंस्था, उद्योग व्यवसाय, सरकारी गैरसरकारी एवं नीजी क्षेत्र सबैको सामूहिक प्रयासबाट सम्पन्न हुने बिषय भएकाले सबै पक्ष बाट सहयोग पुर्‍याउनु पर्ने छ । फोहोरमैला व्यवस्थापनको सबैभन्दा प्रभावकारी उपाय नै स्थानीय जनताको प्रत्यक्ष संलग्नता हो । समुदायको संलग्नता विभिन्न किसिमले हुन सक्दछ जसमध्ये सहभागिता भनेको सेवा उपभोग गरेवापत मासिक रुपमा शुल्क तिर्ने परिपाटि पनि हो ।

सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु संचालन गर्दा सेवाग्राहीहरुले तपशीलमा उल्लेख गरिए बमोजिम सेवा शुल्क तिर्नुपर्नेछ ।

### मासिक शुल्क विवरण

| क्र.सं | विवरण | शुल्क दर रु |
|---|---|---|
| १ | एक परिवार बस्ने घर साढे दुई तला सम्म | १५० |
| २ | साढे दुई तला भन्दा माथि प्रति तला थप | ५० |
| ३ | कस्मेटिक, पत्रिका, लत्ताकपडा पसल आदि व्यवसाय (१०० स्क्वा फिट सम्म) | १०० |
| ४ | किराना, खाद्यान्न, फेन्सी पसल आदि व्यवसाय (१०० स्क्वा फिट सम्म) | १०० |
| ५ | किराना, खाद्यान्न, फेन्सी पसल आदि व्यवसाय (१०० स्क्वा फिट भन्दा ठूलो) | १५०-३०० |
| ६ | चिया, कफि, केक तथा बेकरी पसल व्यवसाय (१०० स्क्वा फिट सम्म) | १५० |
| ७ | तरकारी, चिया, कफि, केक तथा बेकरी र साईबर आदि (१०० स्क्वा फिट भन्दा ठूलो) | ३०० |
| ८ | फलफुल तथा जुस पसल व्यवसाय (१०० स्क्वा फिट सम्म) | १५० |
| ९ | फलफुल तथा जुस पसल व्यवसाय (१०० स्क्वा फिट भन्दा ठूलो) | ३००-१००० |
| १० | सैलुन, ब्युटिपार्लर व्यवसाय तथा औषधि पसल (१०० स्क्वा फिट सम्म) | ३०० |
| ११ | सैलुन, ब्युटिपार्लर व्यवसाय तथा औषधि पसल (१०० स्क्वा फिट भन्दा ठूलो ) | ४००-५०० |

| | | |
|---|---|---|
| १२ | औषधि पसल ल्याब सहित (१०० स्क्वा फिट भन्दा ठूलो ) | ६०० |
| १३ | मासु पसल व्यवसाय बधशाला नभएको | ३०० |
| १४ | बधसाला सहित मासु पसल व्यवसाय | १०००-१५०० |
| १५ | निजि स्कुलहरुको हकमा | |
| क | नर्सरी देखि कक्षा ५ सम्म (होस्टेल नभएको ) | ५०० |
| ख | नर्सरी देखि कक्षा ५ सम्म (होस्टेल भएको ) | १००० |
| ग | नर्सरी देखि कक्षा १० सम्म (होस्टेल नभएको ) | ५०० |
| घ | नर्सरी देखि कक्षा १० सम्म (होस्टेल भएको ) | १०००-१५०० |
| १६ | बैंक, सरकारी स्कूल, क्याम्पस र कार्यालयहरु र विदेशि बसोबास गर्ने घरहरुमा | ५००-१००० |
| | | |

**नोटः**

- माथि उल्लेख भएका भन्दा अन्यको हकमा फोहोर उत्सर्जन मात्राको आधारमा साझेदार निकाय र सेवाग्राहीबीचको आपसी सहमतिमा निर्धारण गर्नेछ ।
- अस्पतालजन्य ( हानीकारक ) फोहोरमैला अस्पताल आफैंले व्यवस्थापन गर्नुपर्नेछ । तर निर्मलीकरण गरेको फोहोरमैला भएमा उत्सर्जनको मात्रा हेरी आपसी सहमतीमा दररेट निर्धारण गरीनेछ ।
- मूल्यबृद्धि सँगै शुल्क समायोजन गर्दै जानुपर्ने हुँदा प्रत्येक २ बर्षमा आपसी समजदारीमा शुल्क समायोजन गरिनेछ ।
- वडा कार्यालयले आर्थिक अवस्था कमजोर भनी सिफारीस गरेको पत्रको आधारमा तोकीएको दररेटमा ५० प्रतिशत सम्म छुट हुन सक्नेछ ।
- घरको फोहोरलाई घरमा नै व्यवस्थापन गर्न र व्यवस्थापन नहुने फोहोरमात्र प्रशोधन केन्द्रमा पठाउने सेवाग्राहीको लाग्ने शुल्कमा ३३ प्रतिशत सम्म छुट हुन सक्नेछ ।
- ग्रामिण क्षेत्रमा फोहोर संकलन कार्य वडा कार्यालयको समन्वयमा साझेदार निकायले गर्नेछ । त्यस्तो क्षेत्रमा फोहोर व्यवस्थापन गर्ने विधि साझेदार निकाय र गाउँपालिकाको समन्वयमा सिकाइने र सो अनुरुप गरी घरमै व्यवस्थापन गर्ने क्षेत्रमा शुल्क नलाग्ने व्यवस्था गाउँपालिकाले निर्धारण गर्नेछ ।
- बजारको खानेपानी वितरण प्रणाली र पानीको उपयोगको आधारमा गाउँपालिका, समिति र समुदायको आपसी समझदारीमा शुल्क निर्धारण गरिनेछ ।

## १२. सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी कसूर गरेको मानिने

देहाय बमोजिमका कार्यहरु गर्ने गराउने काम सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी कसूर गरेको मानिनेछ ।

(क) गाउँपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला निष्काशन गर्ने,

(ख) कण्टेनर वा फोहोरमैला संकलन केन्द्रमा राखिएका फोहरमैला अनधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहोरमैला संकलन केन्द्रमा राखिएका कण्टेनर तोडफोड गर्ने, क्षति पुर्‍याउने, राखिएको स्थानबाट हटाउन वा संकलन केन्द्रमा कुनै नोक्सानी पुर्‍याउने, खानेपानीका मुहान तथा ट्याङ्की, धाराहरुमा तोडफोड गर्ने, क्षति पुर्‍याउने वा नोक्सानी पुर्‍याउने ।

(घ) अनुमति नलिई खानेपानीका मुहानको सामुदायिक हित भन्दा व्यक्तिगत हितमा अनधिकृत उपयोग गर्ने, अनुमति नलिई फोहोरमैला व्यवस्थापनका कार्य गर्ने,

(ङ) फोहोरमैला व्यवस्थापनका लागि प्रदान गरीएका अनुमतिपत्रमा उल्लिखित शर्तहरु उल्लङ्घन गर्ने,

(च) खानेपानीका मुहान तथा खानेपानीका भौतिक संरचनामा, फोहोरमैला संकलन केन्द्र, कण्टेनर वा फोहोरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमका हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने ।

(छ) घर, कम्पाउण्ड तथा परिसरका फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने ।

(ज) फोहोरबाट निस्केका दुषित पानी वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदुषित गराउने, पानीका स्रोत प्रदुषित गराउने ।

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहोरमैला संकलन गर्न गाउँपालिकाले तोकेको समय वा सफाई गर्दाका समयमा त्यस्ता ठाउँमा कुनै पनि किसिमका सवारी साधन विसाउन वा विसाइराखेका सवारी साधन हटाउन इन्कार गर्ने ।

(ञ) गाउँपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमका हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने ।

(ट) रासायनिक फोहोरमैला, औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने गराउने ।

(ठ) खानेपानी आयोजना निर्माण, सञ्चालन र व्यवस्थापनमा बाधा अबरोध सिर्जना गर्ने । फोहोरमैला संकलन, ढुवानी तथा फोहोरमैला व्यवस्थापनमा बाधा अबरोध सिर्जना गर्ने । खानेपानी उपयोग तथा फोहोरमैला व्यवस्थापनमा निर्धारण गरेबमोजिमको शुल्क तिर्न अटेर गर्ने ।

(ड) फोहोरमैला अत्यधिक उत्पादन हुने भनी नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएका कुनै वस्तुको उत्पादन तथा बिक्रि बितरण गर्ने ।

(ढ) प्रचलित नियम विपरित रासायनिक विषादीको आयात गर्न वा म्याद नाघेका औषधि नष्ट गर्ने जिम्मेवारी पुरा नगर्ने ।

(ण) स्रोतमै फोहोरमैलाको पृथकीकरण नगरी फोहोरमैला मिसाएर निष्काशन गर्ने ।

(त) मरेका वा मारेका पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाका कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।

**१३. बुँदा नं. १२ को कसुरमा हुने सजाय सम्बन्धी व्यवस्था**

खण्ड -क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई गाउँपालिकाले पहिलो पटक भए पाँच हजार रुपैयाँसम्म जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच हजार रुपैयाँ देखि दश हजार रुपैयाँसम्म जरिवाना र सोही कसूर तेस्रो पटक वा सो भन्दा बढि पटक गरेमा प्रत्येक पटकका लागि पन्ध्र हजार रुपैयाँका दरले जरिवाना गरी फोहोरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले पाँच सय रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले पन्ध्र हजार देखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी कण्टेनर वा संकलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ ।

खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी अनुमति नलिए सम्म त्यस्ता कार्य गर्न रोक लगाउनेछ ।

खण्ड (च) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्ता वस्तु वा पदार्थबाट कुनै क्षती भइसकेको भए त्यस्तो क्षती वापतको रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ ।

खण्ड (छ) , (ज) र (त) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले तिस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

खण्ड (ट)र (ढ) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानुन बमोजिम अनुमति रद्द गर्नका लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

खण्ड (ठ) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

खण्ड (ड) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले प्रत्येक पटक पाँच सय रुपैयाँ जरिवाना गर्न सक्नेछ ।

**१४. सेवा सुविधा रोक्का गर्न सकिने**

तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने वा गाउँपालिकाले बनाएका नियम कार्यविधि निर्देशिका पालना नगर्ने व्यक्ति संस्थालाई गाउँपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाका अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घर जग्गा बिक्रि रोक्का गर्नका लागि गाउँपालिकाले सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।तर यसरी लेखि पठाउनु अघि सम्बन्धित पक्षलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिनुपर्नेछ ।उक्त व्यहोरा लेखि आएमा त्यस्ता सेवा सुविधा रोक्न सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

**१५. अनुगमन, निरीक्षण तथा मुल्याङ्कन:**

यस कार्यविधि बमोजिमको कार्यान्वयनको अवस्थाको गाउँपालिकाले निरन्तर अनुगमन, निरीक्षण तथा मुल्याङ्कन गर्नेछ । सोही बमोजिम गाउँपालिकाले नयाँ रणनीति कार्यनीति तयार गर्नेछ । समितिका कामको जाँच पास तथा फरफारक प्रचलित कानुन कमोजिम हुनेछ ।

**१६. प्रचलित कानुन बमोजिम हुने:**

यस कार्यविधिले नसमेटेका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन् ।यस कार्यविधिमा समेटिएका कुराहरु यसै कार्यविधि बमोजिम हुनेछन् ।

**१७. कार्यविधिको संशोधन:**

यस कार्यविधिमा संशोधन गरी आवश्वक थपघट गर्नुपर्ने देखिएमा गाउँ कार्यपालिकाको वैठकबाट संशोधन गर्न सकिनेछ ।

**१८. बचाउ र खारेजी:**

१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, फोहोरमैला ब्यबस्थापन ऐन २०६८ , वातावरण संरक्षण ऐन २०५३ लगायत अन्य सम्बन्धित प्रचलित कानुन सँग बाझिन गएमा बाझिएको हकमा स्वत: खारेज भएको मानिनेछ ।

२) यस कार्यविधि लागु हुनुभन्दा पहिले गाउँपालिकाको समन्वयमा प्रचलित कानुन बमोजिम खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापनमा भए गरेका काम यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।